Govt. Regd. No. 1331/068/069

SANIMA MAI HYDROPOWER LIMITED

# Sanima Mai Hydropower Limited

मिति : २०७९/०५/२०

श्रीमान महा-प्रबन्धकज्यू
नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : **प्रस्तावित नगद लाभांश र शेयरधनी दर्ता किताब बन्द हुने मितिको जानकारीका सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सानिमा माई हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०७९/०५/२० गते सोमबार दिउँसो ३:०० बजे बसेको बैठकबाट निम्नानुसारका निर्णयहरू भएको व्यहोरा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा ४३ तथा धितोपत्र सुचिकरण सम्झौता बमोजिम तहाँ नेपाल स्टक एक्सचेन्ज लि.को जानकारिका लागि यो निवेदन गरेको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

१. यस कम्पनीको साधारण सभा प्रयोजनका लागि शेयर दाखिल खारेज बन्द भएको अघिल्लो दिन सम्म कायम शेयरधनीहरूलाई आ.व. २०७८/०७९ को वितरण योग्य संचित मुनाफा मध्येबाट कम्पनीको वित्तिय विवरणमा उल्लेख गरिए बमोजिम चुक्ता पूँजीको ५.२६३२% प्रतिशले हुने रू. १६,२५,९२,१५८/- (अक्षरेपी सोह्र करोड पच्चीस लाख बयान्नब्बे हजार एक सय अन्ठाउन्न रूपैया मात्र) बराबरको नगद लाभांश (कर सहित) वितरण गर्न सिफारीस सहित आगामी वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्ने ।

२. यस कम्पनीको एघारौं वार्षिक साधारण सभा यही मिति २०७९/०७/०२ गते (तदनुसार १९ अक्टोवर, २०२२) बुधबारका दिन गर्ने र उक्त वार्षिक साधारणसभा तथा लाभांश प्रयोजनका लागि मिति २०७९/०६/१२ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०६/११ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन तथा आ. व. २०७८/७९ सम्मको वितरण योग्य संचित मुनाफाबाट नगद लाभांश पाउन योग्य हुनेछन् ।

**भवदिय,**

.....................................
जयन्त कुमार रेग्मी
(कम्पनी सचिव)

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**वोद्यार्थ**

सिडिएस एण्ड क्लियरिङ्ग लि., शेयर मार्केट कर्मसियल कम्प्लेक्स, पुतलीसडक, काठमाण्डौ
सानिमा क्यापिटल लि., शेयर मार्केट कर्मसियल कम्प्लेक्स, पुतलीसडक, काठमाण्डौ

P. O. Box: 19737, KMC-4, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788, Fax: (977-1) 4015799
E-mail: sanimamai@sanimahydro.com, Website : www.maihydro.com